# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३२८ | काठमाडौं | बुधबार, १५ चैत २०७९ | Prabhab National Daily | Wednesday, March 29, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## गुम्बावासीमाथि सिता हाइड्रोपावरको ज्यादती

- नांगो तारबाट ११ हजार भोल्टेजको विद्युत् प्रवाह
- करेण्ट लागेर एक किशोरी र एक मजदुरको मृत्यु
- क्षतिपूर्ति दिने प्रतिबद्धता कार्यान्वयन गर्न आनाकानी
- स्थानीय २२ जनाविरूद्ध झूठो आरोपमा मुद्दा दर्ता
- पीडित परिवारलाई क्षतिपूर्ति र मुद्दा फिर्ताको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** सिता हाइड्रोपावरको लापारवाहीका कारण सिन्धुपाल्चोकको जुगल गाउँपालिका-३ गुम्बाका स्थानीयवासी पीडामा परेका छन् । उक्त हाइड्रोपावरले सोही गाउँपालिकास्थित बेसिम खोलामा निर्माण गरिरहेको ३५ मेगावटको बेसिमखोला जलविद्युत् आयोजना निर्माणका लागि लगेको विद्युत्को नांगो तार लापारवाही ढंगले छाड्दा उनीहरू जोखिममा परेका हुन् ।

अव्यवस्थितरूपमा लगिएको नांगो तारमा प्रवाहित करेण्टले एक किशोरी र एक मजदुरको ज्यान नै लिइसकेको छ। तर, आयोजनाले तार सुरक्षितरूपमा व्यवस्थापन गर्न ध्यान दिएको छैन । उल्टै स्थानीयलाई पीडा दिने काम आयोजना निर्माण कम्पनी सिता हाइड्रोपावरले गरिरहेको छ ।

गत फागुन १५ गते गुम्बा निवासी १४ वर्षीया नोर्जीवाङ्मु लामा बारीमा काम गर्दै थिइन् । आमा र दाइसँगै उनी काम गरिरहेको ठाउँदेखि तीन मिटरको दूरीमा हाइड्रोपावरले लगेको विद्युत्को तार अडयाउने पोल गाडिएको थियो, जुन तारबाट ११ हजार भोल्टेजको डाइरेक्ट लाइन छाडिएको छ । तीन मिटर टाढाबाटै नोर्जीवाङ्मुलाई करेण्टको झट्का लाग्यो र उनको निधन हुनपुग्यो । मृतककी आमा सोमरानी तामाङ र दाजु राजमान लामा पनि करेण्टको झट्काबाट गम्भीर घाइते हुन पुगे ।

त्यसअघि फागुन ६ गते सोही हाइड्रोपावरमा कार्यरत मजदुर सरोज बारुको पनि मृत्यु भएको थियो । हाइड्रोपावरको लापरवाहीकै कारण मजदुर बारुको निधन भएको थियो । उक्त घटनापछि स्थानीयले सोही दिन निवेदन दिई आयोजना सुधार गरेर मात्र सञ्चालन गर्न माग गरेका थिए। तर, हाइड्रोपावरले त्यसलाई गम्भीररूपमा लिएन। उल्टै विनासूचना करेण्ट छाडेका कारण १५ गतेको घट्ना घट्यो र करेण्टले किशोरी नोर्जीवाङ्मुको ज्यान लियो ।

स्थानीयका अनुसार जलविद्युत् आयोजनाले विद्युत्बाट सञ्चालन हुने मेसिन सञ्चालनलगायत आयोजनाका लागि आवश्यक विद्युत् प्रवाह गरेका तारहरू नांगो छाड्नु र नांगो तारबाट पटक-पटक धुवाँ निस्कँदासमेत मर्मत नगरी हेलचेक्र्याइँ गर्दा दुर्घटनाको जोखिम कायमै छ । किशोरीको मृत्युपछि सिता हाइड्रोपावर पीडित संघर्ष समिति गठन गरेर स्थानीयवासी हाइड्रोपावरको ज्यादतीविरुद्ध संघर्षमा उत्रिएका छन्। समितिले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गरी उक्त हाइड्रोपावरको ज्यादतीबारे जानकारी दिएको छ ।

समितिका संयोजक चीनलाल तामाङले सिता हाइड्रोपावरले सत्ताको आडमा सोझा गाउँलेलाई दिइरहेको पीडा तत्काल रोक्न माग गरे । पीडितलाई क्षतिपूर्तिसहितको न्याय दिलाउन आफूहरू लागेको उनले बताए । आयोजनाको लापारवाहीका कारण किशोरीको ज्यान गएपछिको आक्रोशमा स्थानीयले आयोजनामा सामान्य क्षति पुर्‍याएको भए पनि आयोजनाले तोडफोडको आरोपमा करोडौंको बिगो दाबी गर्दै घटनामा असंलग्न स्थानीयहरूविरुद्ध मुद्दा दायर गरी पीडा दिने काम गरेको संघर्ष (**बाँकी पृष्ठ २ मा**)

## आँसुमा राजनीति

- पूर्वप्रधानमन्त्री झलनाथ खनाल, रास्वपा सभापति रवि लामिछाने, लोसपा नेता डा. सुरेन्द्र झासहितले प्रदर्शनस्थल पुगेर ऐक्यबद्धता जनाए
- प्रदर्शनस्थल पुगेका राप्रपा सांसद ज्ञानेन्द्र शाहीविरूद्ध नारावाजी

■ जेबी योञ्जन

**काठमाडौं–** मधेसबाट हिँडेको १२औं दिनमा प्रधानमन्त्री र राष्ट्रपतिसहितका शासकहरू बसेको काठमाडौंमा उनले पाइला टेकिन् । नाम भन्न नचाहेकी मिटरब्याजीपीडित ती महिलाको बास भने शासकहरू बसेको काठमाडौं सहरको सडकपेटीमा भयो ।

कष्टकर ढंगले जसोतसो बर्खाको रात काटेकी उनी मंगलबार मध्याह्न नयाँ बानेश्वर चोक छेउमा प्रदर्शनमा भेटिइन् । उनलाई पत्रकारहरूले सोधिहाले, 'तपाईंको पीडा के हो ?'

जवाफ दिनुभन्दा अगाडि नै उनी डाँको छाडेर क्वाँ क्वाँ... रोइन् । बलिन्द्र आँसु झर्‍यो । सायद उनले दुःख लुकाउन सकिनन् ।

र, भनिन्- साहुकामा नौ लाख ऋण लिएको तर तिरिसक्दा पनि तिरेकै छैन भन्दै साहुले थप १० लाख लिइसके । अझै तमसुक च्यातिएको छैन । बरू, साहुको तनाव र धम्की थेगिनसक्नु छ ।

पीडित महिला आँसुसहित पीडा पोखिरहँदा नजिकै सर्वहारा वर्गकै निम्ति ६० वर्ष राजनीति गरेको भन्ने पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल देखिए । उनले केही मिटरब्याजीपीडितको दुःख सुने । केही आश्वासन बाँड्न भ्याइहाले । 'म तपाईंहरूको यो समस्या समाधानका लागि पहल गर्छु । तपाईंहरूलाई आन्दोलन फिर्ता लिनुहोस् चाहिँ भन्दिनँ । म तपाईंहरूसँगै छु,' खनालले भने ।

प्रधानमन्त्री हुँदा मिटरब्याजीविरुद्ध कानुन बनाएर कार्यान्वयन नगराएका र सर्वहारा वर्गको उत्थानका लागि केही नगरेका खनाल खासमा आन्दोलनमा स्वामित्व ग्रहण गर्न गएका हुन् । अर्थात्, गरिबको पीडामा पूर्वप्रधानमन्त्री खनालले राजनीति गरे । उनै खनाललाई प्रभावकर्मीले सोधे, 'सर्वहारा वर्गको नेता तपाईं देशको पूर्वप्रधानमन्त्री भइसक्नुभयो तर सर्वहारा वर्गका मानिसहरू त सडकमा आँसु झार्दै छन् नि ?'

उनले पुँजीवादको अवशेषका रूपमा लघुवित्तसँगै साहु महाजनहरू अझै रहँदा सर्वहारा वर्गको आर्थिक उत्थान हुन नसकेको बताए । अब, प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकार विस्तार भएलगत्तै पहिलो काम नै मिटरब्याजी पीडितहरूको समस्या समाधान गर्नु रहेको बताए ।

यति हुँदाहुँदै पनि मिटरब्याजी पीडितहरूको दुःखमा राजनीतिक रङ खनालले भरिदिए । उसो त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का अध्यक्ष रवि लामिछाने पनि प्रदर्शनस्थलमा पुगे। दिन दुःखी जनताको असाधारण विश्वास र अपेक्षा उनीमाथि छ । प्रदर्शनस्थल पुगेर उनले समर्थन र विरोधभन्दा पनि समस्या समाधान गर्न आएको पीडितहरूसँग भने । तर, उनी सरकारमा छैनन्। नभएपछि उनले गर्ने भनेकै समस्या समाधानमा पहल हो । यद्यपि, समाधान गर्ने पुगेको भन्न भ्याए ।

उनीभन्दा पछि मधेसको मुद्दा उठाएर संसद्मा आएको दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता डा. सुरेन्द्र झा पनि प्रदर्शनस्थल पुगे । उनको पनि भनाइ समस्या समाधान गराउन पहल गर्ने भन्ने नै थियो । तर, सरकारमा पटक-पटक गए पनि मधेसका नेताहरूको ध्यान मिटरब्याजी समस्या (**बाँकी पृष्ठ २ मा**)



**राजधानीको माइतीघर मण्डलमा मंगलबार धर्ना बसेकी एक मिटरब्याजपीडित महिलाको आँखाबाट झर्दै गरेको आँसु ।** *तस्बिरः प्रभाव*

### मिटरब्याजीलाई कानुनी डण्डा

**काठमाडौं (प्रस)–** सरकारले मिटरब्याजीलाई कारबाही गर्ने भएको छ । त्यसका लागि कानुन संशोधन गर्ने मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ ।

मुलुकी अपराध संहितामा मिटरब्याजसम्बन्धी कसूरलाई समावेश गर्ने गरी कानुन संशोधनको प्रक्रिया अघि बढाउने निर्णय भएको एक मन्त्रीले जानकारी दिए । उनका अनुसार मिटरब्याजमा रकम असुलीलाई अपराध मान्न मुलुकी अपराध संहिता ऐन, मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, मुलुकी देवानी संहिता ऐन र मुलुकी देवानी कार्यविधि संहिता ऐनका केही प्रावधान संशोधन गर्नुपर्ने हुन्छ ।

सरकारले कानुन संशोधन गर्नुभन्दा पहिले नै मिटरब्याज पीडितहरूको समस्या समाधानका लागि वार्ता गर्न गृह मन्त्रालयका सहसचिव रुद्रादेवी शर्माको संयोजकत्वमा समिति गठन गरिसकेको छ । समितिमा गृहकै उपसचिव दिलकुमार तामाङ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव उमाकान्त अधिकारी र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव जंगबहादुर डंगा सदस्य छन् ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## आजदेखि सुरू हुँदै टेलिमेडिसिन सेवा

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डको सचिवालयले आजबाट 'टेलिमेडिसिन सेवा' सञ्चालनमा ल्याउँदै छ। रोजगारीका लागि विदेशमा रहेका नेपाली कामदारहरूको स्वास्थ्य समस्याका विषयमा जानकारी लिने र आवश्यक उपचारका लागि परामर्श दिने उद्देश्यले उक्त सेवा सञ्चालनमा ल्याउन लागिएको हो । औपचारिक उद्घाटनको कार्यक्रम नराखिए पनि आज बिहान १० बजेदेखि यो सेवा सुरु हुने बोर्डले जानकारी दिएको छ ।

टेलिमेडिसिन सेवा सुरु भएसँगै अब विदेशमा रहेका नेपाली कामदारहरूले सार्वजनिक बिदाको दिनबाहेक प्रत्येक दिन नेपाली समयअनुसार बिहान १० देखि बेलुका ५ बजेसम्म मेडिकल अफिसरसमक्ष आफ्नो समस्या राख्न सक्ने छन् । यसका लागि बोर्ड सचिवालयले ९८५१३४५७०१ र ९८५१३४५७०२ नम्बरमा भाइबर, ह्वाट्सएप तथा इमोलगायतका माध्यममार्फत कामदारहरूले सम्पर्क गरी टेलिमेडिसिन सेवा लिनसक्ने व्यवस्था गरेको छ । विदेशबाट बिरामी कामदारले राखेका स्वास्थ्यसम्बन्धी समस्या र जिज्ञासालाई कल सम्पर्कमा रहने मेडिकल अधिकृतले नै समाधानको पहल गर्ने छन् । उनीहरूलाई थप विशेषज्ञ सेवा आवश्यक परेमा मेडिकल अधिकृतको सिफारिसमा हरेक आइतबार र शुक्रबार विशेषज्ञ सेवा उपलब्ध गराइने बोर्डले जानकारी दिएको छ ।



> विदेशमा रहेका नेपाली कामदारहरूले सार्वजनिक बिदाको दिनबाहेक प्रत्येक दिन नेपाली समयअनुसार बिहान १० देखि बेलुका ५ बजेसम्म मेडिकल अफिसरसमक्ष आफ्नो समस्या राख्न सक्ने

आइतबार र शुक्रबार धेरैजसो गन्तव्य मुलुकमा सार्वजनिक बिदा पर्ने भएकाले पनि यस दिन विशेषज्ञ सेवा उपलब्ध गराउँदा कामदार बढी लाभान्वित हुने बोर्डका निर्देशक एवं सूचना अधिकारी राजन पौडेलले बताए । वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई भाषा र अन्य विविध समस्याको कारण बिरामी पर्दा सामान्य स्वास्थ्य परामर्श लिन पनि समस्या भएको भन्दै फोनमार्फत स्वदेशबाटै चिकित्सकीय सेवा लिनसक्ने व्यवस्था मिलाइएको उनले जानकारी दिए । टेलिमेडिसिन सेवा सञ्चालनका लागि वीर अस्पतालसँग सम्झौता गरेको बोर्डले कामदारहरूलाई दिइने सेवाको सम्पूर्ण खर्च आफैं बेहोर्नेछ ।

विशेष महत्त्वका साथ सञ्चालनमा ल्याइएको टेलिमेडिसिन सेवा प्रवाह वीर अस्पतालकै भौतिक संरचना र विशेषज्ञ चिकित्सकबाट हुने र अनलाइन सेवा भएका कारण यसको आरम्भ बिहान १० बजेदेखि हुने भए पनि औपचारिक उद्घाटनको कार्यक्रम नरहेको पौडेलले बताए । उनका अनुसार विदेशमा रहेका स्वास्थ्य समस्यामा परेका कामदारले कार्यालय समयमा सम्पर्क गरी परामर्श लिन सक्ने छन्। 'बोर्ड स्थापनायता अहिलेसम्म करिब १२ हजार ५०० जना नेपालीको रोजगारीका क्रममा मृत्यु भएको तथ्यांक छ,' पौडेलले भने, 'मुटु, मिर्गौला, क्यान्सरजस्ता नसर्ने रोगबाट ७० प्रतिशतले ज्यान गुमाएका छन्, यसको रेसियो बढ्दो अवस्थामा देखिएका कारण रोकथामका लागि यो सेवा सुरु गरिएको हो ।'

यस्तै रोजगारीको सिलसिलामा आत्महत्या गर्ने क्रमसमेत बढिरहेको भन्दै उनले साइकोसोसियो काउन्सेलिङलाई प्राथमिकतामा राखिएको जानकारी दिए ।

## मलेसियाले नयाँ कामदार भर्ना स्वीकृति नदिने

**काठमाडौं (प्रस)–** मलेसिया सरकारले आप्रवासी कामदार आपूर्तिका लागि रोजगारदातालाई नयाँ भर्ना स्वीकृति नदिने भएको छ । त्यहाँको मानव संसाधन मन्त्रालयले रोजगारदातालाई नयाँ स्वीकृति दिन रोक लगाएको जनाउँदै स्वीकृत भइसकेका कोटामा आप्रवासी कामदार भर्ना प्रक्रिया छिटो गर्न निर्देशनसमेत दिएको छ ।

तीन दिनभित्र आप्रवासी कामदार भर्ना स्वीकृति दिने नीति लिएको मलेसिया सरकारले रोजगारदाताको मागअनुसार श्रम क्षेत्रमा कामदारको आपूर्ति पर्याप्त रहेको भन्दै नयाँ स्वीकृतिमा रोक लगाएको त्यहाँको सञ्चारमाध्यम मलाय मेलले उल्लेख गरेको छ। मानव संसाधन मन्त्रालयले विभिन्न कोटामार्फत रोजगारदाताले माग गरेका नौ लाख ९५ हजार ३९६ जना आप्रवासी कामदारका लागि स्वीकृति दिएको र हाललाई यो पर्याप्त रहेको जनाएको छ ।

अहिलेसम्म स्वीकृत गरेका आप्रवासी कामदारको कोटाले प्रमुख श्रम क्षेत्रका मागहरू पूरा गर्ने देखिएको भन्दै नयाँ निवेदन लिन र स्वीकृति दिन बन्द गरिएको मानव संसाधनमन्त्री भी शिवकुमारले बताएको उक्त सञ्चारमाध्यमले जनाएको छ । स्वीकृत कोटामा छनोट गरेर छिटो कामदार आपूर्ति गर्न रोजगारदातालाई आग्रह गर्दै मन्त्री शिवकुमारले अर्को निर्णय नभएसम्मका लागि विदेशी कामदार भर्ना स्वीकृति नदिने बताए ।

सन् २०२३ मा १० लाख विदेशी कामदार भित्र्याउने लक्ष्य लिएको मलेसियाले गत जनवरी १७ देखि यही मार्च ३१ सम्मका लागि विदेशी श्रमिक भर्तीलाई खुकुलो पार्ने 'पिकेपिपिए' योजना ल्याएको थियो । समय अगावै उक्त संख्या आपूर्ति हुने अवस्था आएपछि १८ मार्चबाट यस योजनाअन्तर्गत रोजगारदाताबाट विदेशी श्रमिकका लागि निवेदन लिन र स्वीकृति दिन स्थगित गरिएको त्यहाँको स्थानीय सञ्चारमाध्यममा जनाइएको छ ।




# 'कोरोना संक्रमणलाई रूघाखोकी भनेर बेवास्ता नगर्नू'

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ संक्रमणलाई रुघाखोकी भनेर बेवास्ता नगर्न आग्रह गरेको छ ।

मन्त्रालयले सूचना जारी गर्दै अहिले कोरोना भाइरस संक्रमण र रुघाखोकीको लक्षण मिल्दाजुल्दा देखिएकाले संक्रमणलाई रुघाखोकी भनेर बेवास्ता नगर्न आग्रह गरेको हो । मन्त्रालयले ज्वरो आउने, खोकी लाग्ने, हाच्छिउँ आउने, नाकबाट सिँगान बग्ने, टाउको दुख्ने, घाँटी दुख्ने वा खसखस हुने, गन्ध थाहा नहुने, थकान महसुस हुनेजस्ता रुघाखोकीका लक्षण देखिए भने कोरोना भाइरसको परीक्षण गराउन आग्रह गरेको छ ।

भारतको उत्तर प्रदेशमा कोरोना भाइरसको संक्रमण बढेसँगै नेपालमा पनि कोरोना भाइरसको संक्रमण ह्वात्तै बढेको छ । मंगलबार एक हजार ४२९ मा कोरोना परीक्षण गर्दा २४ जनामा पुष्टि भएको छ ।

सोमबार एक हजार २६६ मा गरिएको परीक्षणमा ६९ जनामा संक्रमण देखिएको थियो । यसअघि चैत १२ गते १६ जना र चैत ९ गते १७ जनामा संक्रमण देखिएको थियो । अहिले सक्रिय संक्रमितको संख्या ७८ पुगेको छ ।

मन्त्रालयले कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि अतिरिक्त मात्रा (बुस्टर डोज) सबैलाई लगाउन निर्देशन दिएको छ ।

## गुम्बावासीमाथि...

पृष्ठ १ बाट जारी

समितिले जनाएको छ ।

'स्थानीयले घटनाबारे वास्तविक छानबिन गरी पीडितलाई न्याय दिलाइयोस् भन्ने जोडदार माग गरे पनि छानबिन गर्नुको सट्टा उल्टै सिता हाइड्रोपावरले राजनीतिक आडमा जलविद्युत् आयोजना तोडफोड गरेको एकतर्फी आरोप लगाई करोडौंको विगोसहित अन्य संलग्न नै नभएका स्थानीय २२ जनाविरुद्ध मुद्दा दायर भएको विषयले हामी विक्षिप्त बनेका छौं,' समितिद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

जलविद्युत् आयोजनाका सञ्चालक सिताराम तिमिल्सिनाले राजनीतिक शक्तिको आडमा पीडितलाई नै झूठो मुद्दा लगाएर फसाउन खोजेको समितिको आरोप छ । 'विद्युत् विकास विभाग, नेपाल विद्युत् प्राधिकरणका साथै स्थानीय तहलगायत सरोकारवाला निकायहरू यस विषयमा मौन रहनुले पीडकलाई नै थप बल मिलेको महसुस हामीले गरेका छौं,' समितिको विज्ञप्तिमा भनिएको छ ।

समितिका अनुसार किशोरी नोर्जीवाङ्मुको मृत्युपछि सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारीको रोहबरमा पीडित परिवारलाई क्षतिपूर्ति दिने प्रतिबद्धतापछि मृतकको शव बुझ्ने काम भएको थियो । छलफलमा सहभागी हाइड्रोपावरका प्रतिनिधि रविन्द्र पौडेलले क्षतिपूर्ति दिने प्रतिबद्धता जनाएका थिए । तर, उक्त प्रतिबद्धता कार्यान्वयन गर्नुको सट्टा उल्टै २२ जना स्थानीयविरुद्ध मुद्दा दायर गरेका हुन् । हाइड्रोपावर सञ्चालकले आफ्नो गल्ती अझै स्वीकार गरेको छैन । बारम्बार आश्वासन दिने तर कार्यान्वयन नगर्ने भएपछि बाध्य भएर संघर्षमा उत्रनुपरेको संघर्ष समितिले जनाएको छ । समितिले तत्काल पीडित परिवारलाई क्षतिपूर्ति र स्थानीय २२ जनाविरुद्ध झूठा आरोपसहित दर्ता गरिएको मुद्दा तत्काल फिर्ता लिन माग गरेको छ । उक्त माग सम्बोधन नभए सशक्ता प्रतिवादमा उत्रन बाध्य हुने चेतावनी संघर्ष समितिले दिएको छ ।

प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले पनि पीडितलाई क्षतिपूर्ति र झूठा मुद्दा फिर्ताको माग गरेका छन् । तीनवटै पार्टीका वडा समितिले संयुक्त विज्ञप्ति जारी गरी उक्त माग गरेका हुन् । असुरक्षित विद्युत् लाइन हटाएर सुरक्षित नबनाएसम्म आयोजना सञ्चालन बन्द गर्नसमेत तीन दलले माग गरेका छन् ।

## आँसुमा...

पृष्ठ १ बाट जारी

समाधानमा केन्द्रित कहिल्यै भएन ।

प्रदर्शनस्थलमा पुग्नेमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का प्रमुख सचेतक ज्ञानेन्द्र शाही पनि थिए । तर, उनीविरुद्ध भने मिटरब्याजी पीडितहरूले उल्टै 'सामन्तवादी मुर्दावाद, राजावादी मुर्दावाद' भन्दै प्रदर्शन गरे । यसपछि उनी दु:खित् हुँदै फर्किए । फर्किंदै गर्दा उनले आफू जनप्रतिनिधि भएकाले जनताको पीरमर्का बुझ्न आएको भनेका थिए । उनलाई भने सामान्तवादको 'प्रतीक'को रूपमा चित्रण गर्दै मिटरब्याजी पीडितहरूले अस्वीकार गरे ।

दलका नेताहरू आँसु झार्दै बसेका पीडितहरूको प्रदर्शनमा सहभागी भएर ऐक्यबद्धताको नाममा राजनीति घुसाउन खोजेको भन्दै आलोचित भएका छन् । हुन पनि दलहरूका नेताहरूले संसद्मा होस् वा सडकमा, मिटरब्याजी समस्या समाधानका लागि कहिल्यै बोलेनन् ।

अवैधानिकरूपमा मिटरब्याजी धन्दा चलाएकाहरूमाथि कानुनी दण्डा चलाएर गरिब वर्गलाई उन्मुक्ति दिन चाहेनन् । तर, जतिबेला १२ दिन हिँडेर खुट्टा चरचरी फुटाएर मिटरब्याजीपीडितहरू काठमाडौं आइपुग्दा भने हत्त न पत्त ऐक्यबद्धता जनाउन पुगेका हुन् ।

यसरी प्रदर्शनलाई विभिन्न दलका नेताहरूले राजनीतिक रङ लगाए पनि सप्तरीको बोदेबसाइन नगरपालिका-७ का ताइवाब अलीले प्रदर्शनस्थलमा दिएका आश्वासनहरू नेताहरूले पूरा गर्नेमा विश्वास गरिएको बताए ।

उनले न्याय नपाई घर नफर्किने दृढ गरे ।

'मरे काठमाडौंमै मरौंला । तर, न्याय नपाई फर्किन्नौं,' उनले भने, 'हामीसँग नेताहरू जे भन्नुभएको छ, पूरा होस् ।' आफूले ७० लाख ऋण मिटरब्याजीबाट लिएको तर एक करोड सात लाख तिरिसक्दा पनि अझै तमसुक नच्यातिँदा उनी तनावमा छन् ।

उनको जस्तै पीडा सप्तरीकै खडक नगरपालिकाका बच्चुलाल साहसँगै अन्य थुप्रैको छ । उनीहरू प्रधानमन्त्री दाहाललाई पीडा सुनाउन भनेर काठमाडौं आएका हुन् । प्रधानमन्त्रीलाई भने उनीहरूले भेट्ने मौका पाएका छैनन् ।

# सरकारको न्यूनतम साझा कार्यक्रमको मस्यौदा पेस



मंगलबार बालुवाटारस्थित प्रधानमन्त्री निवासमा बसेको सत्ता गठबन्धनको बैठक । तस्बिरः रासस

**काठमाडौं (प्रस)–** सत्ता साझेदार दलको बैठकमा सरकारको न्यूनतम साझा कार्यक्रमको मस्यौदा पेस भएको छ । प्रधानमन्त्रीनिवास बालुवाटारमा मंगलबार बसेको गठबन्धनको बैठकमा सरकारको न्यूनतम साझा कार्यक्रमको मस्यौदा पेस भएको बैठकपछि नेपाली कांग्रेसका नेता रमेश लेखकले सञ्चारकर्मीलाई जानकारी दिए ।

उनका अनुसार न्यूनतम साझा कार्यक्रमको मस्यौदामा विस्तृत छलफल भएर आज (बुधबार) टुंगोमा पुगिनेछ । 'बैठकमा सरकारको न्यूनतम साझा कार्यक्रमको मस्यौदा छलफलका लागि पेस भयो । यसमा विस्तृत छलफल गरेर भोलि पूर्णता दिने सहमति भएको छ,' नेता लेखकले भने ।

बैठकमा सरकारको तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहालले न्यूनतम साझा कार्यक्रमको मस्यौदा पेस गरेका थिए । सरकारलाई चाडोभन्दा चाडो पूर्णता दिने विषयमा पनि सामान्य छलफल भएको नेता लेखकले बताए । उनले भने, 'सरकार चाडै विस्तार गर्नेबारे छलफल भयो, कुरो नमिल्ने केही कुरा छैन, सबै दलहरू अत्यन्त लचिलो हुनुहुन्छ, चाडो सरकार विस्तार गर्ने र गठबन्धनलाई निरन्तरता र दिगो बनाउन सबै दल लचिलो र प्रतिबद्ध हुनुहुन्छ । बैठकमा त्यही किसिमले कुराकानी भएको छ ।'

नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले बैठकमा सरकारको न्यूनतम साझा कार्यक्रमका साथै मन्त्रीमण्डल विस्तार र मन्त्रालय भागबण्डाबारे पनि छलफल भएको र बुधबार बिहानको बैठकबाट सबै विषय टुंग्याउने निर्णय भएको जानकारी दिए । उनका अनुसार गठबन्धनको बैठक आज बिहान पुनः बस्नेछ । मंगलबारको बैठकमा सत्ता साझेदार दलमा आबद्ध दलका शीर्ष नेताहरू सहभागी थिए ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN TIRUPATHI VILAS
पूर्व स्वीकृति मिति : २०७९/१२/१४ LT. No. 283489 चलानी नं. ६०१९२६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 20 | 0 | 1500 | ४४७२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.** श्रम ईजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023

## कुवेत/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTI-CODE ELECTRONICS INDUSTRIES (M) BERHAD
पूर्व स्वीकृति मिति २०७९/०४/३० पुन स्वीकृति मिति २०७९/१२/१४ LT No :269566 चलानी नं. ६०१८५४६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 120 | 0 | 1500 | ४४६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : OH MY NAILS LADIES BEAUTY SALON
पूर्व स्वीकृति मिति २०७९/१२/१४ LT No :283547 चलानी नं. ६०१९७९६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER / BEAUTICIAN | 0 | 4 | 150 | ६४३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MANICURE/PEDICURE | 0 | 4 | 150 | ६४३९२ | | | | | | | |

कम्पनी : THE BUTCHERY CO.FOR THE SALE OF FROZEN & CHILLED MEAT & POULTRY
पूर्व स्वीकृति मिति २०७९/१२/१४ LT No :283527 चलानी नं. ६०१९७९६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butcher/Chef Assistant | 10 | 0 | 130 | ५५८०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | cleaner | 10 | 0 | 110 | ४७२२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २२ गते (5th Apr. 2023)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJALAT STEEL CO.
पूर्व स्वीकृति मिति: २०७९/१२/१४ LT. No. 283541 चलानी नं. ६०१९६९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 3 | 0 | 1300 | ४५५८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २२ गते (5th. Apr 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**G.R. Manpower Service Pvt. Ltd.** श्रम ईजाजत नं. ८६१/०६६/०६७
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KL RIA INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति २०७९/१२/१४ LT. No. 283456 चलानी नं. ६०१८८४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | 1500 | ४४८९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २२ गते (5th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Rising Recruitment Pvt.Ltd.** श्रम ईजाजत नं. ८७८/०६७/०६८
Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587

## फ्रि भिषा !! फ्रि टिकट !!
## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOODE (JOHOR ) SDN. BHD
पूर्व स्वीकृति मिति २०७९/०५/१० पूर्व स्वीकृति मिति २०७९/१२/१४ LT. No. 270354 चलानी नं. ६०१८६१९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४८९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २२ गते (5th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**R. A. International Employment Agency Pvt Ltd** श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHIT HENG METAL INDUSTRIES SDN.BHD.
पूर्व स्वीकृति मिति : २०७९/१२/१४ LT. No. 283609 चलानी नं. :60198977

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 30 | 0 | 1500 | ४४,८९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०७९ चैत २२ गते (5th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

सामाजिक सुरक्षामा आबद्धता खर्च कसले ब्यहोर्ने : कामदार आफैले


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**S.And S.Human Resource Pvt. Ltd.** श्रम ईजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIME FM BUILDING MAINTENANCE LLC
पूर्व स्वीकृति मिति २०७९/१२/१४ LT. No. 283570 चलानी नं. ६०१९९७१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 25 | 1000 | ३५८०४ | श्रम ऐन अनुसार | ८ घण्टा | ६ दिन | श्रम ऐन अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 75 | 0 | 1000 | ३५८०४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २२ गते (5th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Avion Human Resource Management Pvt. Ltd.**
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4499632, 4484744 Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.


## चमेली बचत तथा ऋण सहकारी संस्था लि., ईश्वरपुर ६, सर्लाहीको
## धितो लिलाम हुने ३५ दिने सूचना

यस संस्थाबाट तपसिलमा उल्लेखित सदस्यहरुले विभिन्न उद्धेश्यमा लिनु भएको ऋणको समय समयमा बुझाउनु पर्ने साँवा र ब्याज नबुझाएको हुँदा सो बुझाउन पटक पटक लिखित तथा मौखिक ताकेता र अन्तिम पटक ३५ दिने म्याद पूर्जि समेत जारी गर्दा पनि सो ऋण र ब्याज नबुझाई लिखित बमोजिमको शर्त उल्लंघन गरेको कारण निज ऋणीहरुले ऋण लिँदा बखतमा संस्थालाई लेखिदिनु भएको धितो, लिलाम हुने दिनसम्मको ब्याज, हर्जाना तथा लिलाम गर्दा लाग्ने खर्च समेतमा निम्न स्थान र मितिमा दिनको ११:०० बजेदेखि ४:०० बजेसम्म नियमानुसार लिलाम बढाबढ हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सबैभन्दा बढी डाँक बोल्नेको नाउँमा लिलाम सकारको निर्णय भएमा नियम बमोजिमको रकम सोही दिन दाखिल गर्नु पर्नेछ र बाँकी रकम ७ दिनभित्र संस्थामा बुझाउनु पर्नेछ । अन्यथा धरौटी बापत राखेको रकम जफत हुनेछ । अन्य जानकारीको लागि कार्यालय समयभित्र संस्थाको प्रधान कार्यालय, ईश्वरपुर सर्लाहीमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**लिलाम हुने स्थान :** चमेली बचत तथा ऋण सहकारी संस्था लि., सदस्य सेवा केन्द्र, मलंगवा, सर्लाही
**लिलाम हुने मिति :** २०८०/०१/२१ (लिलाम हुने दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन हुनेछ ।)

**चमेली बचत तथा ऋण सहकारी संस्था लि. (मिति २०७९/१२/१४ सम्मको साँवा, ब्याज र हर्जाना)**

| क्र.सं. | फाईल नं. | ऋणीको नाम | ठेगाना | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ऋण लिएको मिति | बाँकी साँवा | बाँकी ब्याज/हर्जाना | जग्गाको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २३४ | किशोरी महतो | गौरीशंकर ८, सर्लाही | रामदयाल महतो | मौजे महतो | २०७७।१०।०८ | ५८५,५१२।८१ | २३३,२८८।८३ | निजको नाममा रहेको जिल्ला मालपोत मलगंवा, सर्लाही बल्वा सोक्नाहा वार्ड नं.७ घ कित्ता नं.११८६ क्षेत्रफल ०-१-०-० र बल्वा सोक्नाहा वार्ड नं.७ ख कित्ता नं.७३१ क्षेत्रफल ०-२-८-० |
| २ | २३१ | सत्य नारायण दुसाद | कविलासी ५, सर्लाही | फेकु दुसाद | रौदी पासवान | २०७७।०९।२३ | २५२,३०३।४८ | ८२,६४२।२२ | निजको नाममा रहेको जिल्ला मालपोत मलगंवा, सर्लाही कविलासी वार्ड नं.५ कित्ता नं.४४ क्षेत्रफल १४२.०० वर्ग मि. र कविलासी वार्ड नं.५ कित्ता नं.९१ क्षेत्रफल ००६५.८० वर्ग मि. |
| ३ | २६४ | जोगिन्दर राय | कविलासी ७, सर्लाही | विलास राय | सुवलाल राय | २०७८।०७।२९ | ४८७,१०७।९५ | ११५,७०६।९९ | निजको नाममा रहेको जिल्ला मालपोत मलगंवा, सर्लाही कविलासी वार्ड नं.६ क कित्ता नं.९९३ क्षेत्रफल ०-०-१४ ,वार्ड नं.७ ख कित्ता नं.४१० क्षेत्रफल ०-१-५ ,वार्ड नं.७ ख कित्ता नं.४१४ क्षेत्रफल ०-०-७-१/४ र कारी देवीको नाममा वेला वार्ड नं.९ क कित्ता नं.७५२ क्षेत्रफल ०-७-० |

**नोट : सम्पर्क फोन नं ०४६-५७५०४६, मो.नं. ९८६१०३५०५५**
१. लिलाम हुने दिन ऋणीको प्रतिनिधि उपस्थित हुन ऋणीलाई पत्र पठाईनेछ । पत्र प्राप्त नभएमा यसै सूचनाबाट सूचना प्राप्त भएको मानिनेछ ।
२. धितो लिलाम बिक्रीबाट सम्पूर्ण रकम असुल उपर नभएमा अन्य जायजेथाबाट समेत असुल उपर गरिनेछ ।

# मुद्दा फर्स्योटमा सर्वोच्चको प्राथमिकता

■ कालिका खड्का

**काठमाडौं–** सर्वोच्च अदालतले मुद्दा फर्स्योटलाई प्राथमिकताका साथ तीव्रता दिएको छ । अदालतका अनुसार ३६ हजार ५०० भन्दा बढी लगत रहेको मुद्दामा सात हजार ७०० मुद्दा फर्स्योट भइसकेको छ ।

'अहिले प्रतिइजलास करिब चार हजार मुद्दा पर्ने अवस्था छ तर चालु आर्थिक वर्षमा प्रतिइजलास करिब ९०० का दरले मुद्दा फर्स्योट भएका छन्,' सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले भने, 'यो संख्या आफैंमा उल्लेख्य ठूलो हो यद्यपि सर्वोच्च अदालतमा भएको मुद्दाको चापको अवस्था हेर्दा उपलब्धि पनि गौण बन्न पुगेको छ ।' अदालतका अनुसार अब २८ हजार ८५२ मुद्दा फर्स्योट हुन बाँकी छन् ।

'नेपालको संविधानअनुसार २१ जना न्यायाधीश हुनुपर्ने व्यवस्था छ तर विगत छ महिनादेखि १६ जना न्यायाधीशले मात्र काम गरिरहनुभएको छ,' प्रवक्ता पौडेलले भने, 'न्यायाधीशको कमी, बजेट, स्रोत र साधनको कमी भए पनि मुद्दा फर्स्योटको कामलाई भने प्राथमिकता राखिएको छ ।'

सर्वोच्च अदालतमा एक वर्षदेखि कामु प्रधानन्यायाधीशले काम गरिरहेका छन् । प्रधानन्यायाधीश नियुक्तिको प्रक्रिया र सर्वोच्च अदालतमा रिक्त न्यायाधीश प्रक्रिया तत्काल गर्नुपर्ने भए पनि अहिलेसम्म हुन सकेको छैन । मुद्दाको चाप बढ्दै जाने तर न्यायाधीश, स्रोत र साधनको कमीले गर्दा पनि अदालतले सोचेअनुरूप काम गर्न नसकेको प्रवक्ता पौडेलको भनाइ छ ।

अदालतमा २०६३ र २०६४ सालमा दर्ता भई विचाराधीन रहेका दुई थान मुद्दा फर्स्योट भइसकेका छन् । अब सबैभन्दा पुरानामा मुद्दा २०६५ सालमा दर्ता भएका दुई थान बाँकी छन् । सर्वोच्च अदालतमा पाँच वर्ष नाघेका मुद्दा चार हजार ५३० थान छन् । कूल छ हजार ३४३ मुद्दा रहेकामा एक हजार ८१३ मुद्दा फर्स्योट भइसकेका छन् । त्यस्तै, दुई वर्ष नाघेका १६ हजार ८३८ मुद्दा छन् । कूल २१ हजार १६२ मुद्दा रहेकामा चार हजार ३२४ थान मुद्दा फर्स्योट भइरहेका छन् ।

अदालतमा पेसी व्यवस्थापन फाँटमा रहेका मुद्दा संख्याको अनुपात हेरी सबै फाँटलाई पेसीको कोटा निर्धारण गरिएको छ । सर्वोच्च अदालतमा ४२ वटा मुद्दाका फाँट छन् । अदालतमा कम्तीमा छ महिनाभित्र कम्तीमा एउटा पेसी तारेख पाउनेगरी व्यवस्थापन गरिएको छ । पुराना मुद्दालाई बढीमा दुई महिनाभित्र पेसी तारेख तोकिने व्यवस्था गरिएको छ । इजलास गठन प्रक्रिया गोला प्रक्रियाद्वारा हुने गरेको छ ।

'दैनिक पेसी सूचीको निर्धारण गोला प्रक्रियाबाट हुन्छ,' प्रवक्ता पौडेलले भने, 'एकदम पुराना, राष्ट्रिय महत्त्व र शीघ्र फर्स्योट गर्नुपर्ने मुद्दा हेर्न नमिल्ने इजसालमा नपरोस् भनेर हेर्न मिल्ने न्यायाधीशहरूको बीचमा मात्रै गोला प्रक्रियामार्फत सुनवाइ गर्ने गरिएको छ ।'

अदालतमा पाँच वर्ष नाघेका मुद्दालाई प्राथमिकता दिएको प्रवक्ता पौडेलको भनाइ छ । 'एकपटक पेसी पाएको मुद्दा छ महिना नकटाउने गरी काम भइरहेको छ, पाँच वर्ष नाघेका मुद्दाको हकमा भने दुई महिनाभन्दा पछाडि पेसी जाँदैन,' उनले भने ।

सर्वोच्च अदालतमा दैनिकजसो मुद्दाको चाप बढ्दै गइरहेको भए पनि भौतिक पूर्वाधार अवस्था भने दयनीय भएको उनको भनाइ छ । करिब १०-१५ हजार मुद्दाको लगत मात्र व्यवस्थापन गर्न सकिने क्षेत्रफलमा करिब ४० हजार मुद्दाको व्यवस्थापन गर्नुपर्ने काम चुनौतीपूर्ण भएको उनले बताए ।

'मिसिल सुरक्षित राख्न सक्ने ठाउँ छैन, कोठाभित्र मिसिल राख्न पर्याप्त स्थान नभएपछि कोरिडोरमा मिसिल राख्नुपरेको छ,' प्रवक्ता पौडेलले सर्वोच्च अदालतको भौतिक अवस्थाबारे जानकारी गराउँदै थपे, 'कर्मचारी बस्नका लागि पर्याप्त स्थानसमेत छैन, यस्तो अवस्थामा काम गर्ने वातावरण पनि सहज बनाउन सकिएको छैन ।'

सर्वोच्च अदालतमा मुद्दाको चाप बढ्दै गएपछि सेवाग्राही हिँड्ने बाटोमा मिसिलका दराज, कार्यकक्षमा पनि मिसिल जताजतै राखिएको छ । सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि अझै एक वर्ष जति लाग्ने देखिएको छ । उक्त भवन नबनाउँदासम्म पर्याप्त ठाउँकोसमेत अभाव देखिएको हो । *रासस*

# राष्ट्रिय सुरक्षा तालिम सम्पन्न

**काठमाडौं (प्रस)–** रक्षा मन्त्रालय र नेपाली सेनाको संयुक्त संयोजनमा शिवपुरीमा सञ्चालित आठौं संस्करणको राष्ट्रिय सुरक्षा तालिम सम्पन्न भएको छ । शिवपुरीस्थित सेनाको 'आर्मी कमान्ड एन्ड स्टाफ कलेज'मा आयोजना भएको १५ दिनको तालिम मंगलबार समापन भएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालले तालिम समापनको घोषणा गर्दै सहभागीलाई प्रमाणपत्र प्रदान गरे । तालिममा राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध, रक्षा नीति तथा रणनीतिक योजनालगायत विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो । सेनाले २०७२ सालदेखि उक्त तालिम दिन थालेको हो । उक्त कलेजबाट हालसम्म १६६ जनाले राष्ट्रिय सुरक्षा तालिम लिइसकेका छन् ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : X-SCAN ARMGUARD SECURITY SDN BHD

पूर्व स्वीकृति मितिः २०७९/१२/१३ LT. No.283496 चलानी नं. ६०१९८९७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 70 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता बिर्तामोड नगरपालिका, झापामा -(Hotel Time Less) मा मितिः २०७९ चैत २६ गते (9th Apr. 2023) मा हुनेछ ।
अन्तरवार्ता दमक नगरपालिका ८, झापामा (Hotel K.B.R Pvt. Ltd) मा मितिः २०७९ चैत २७ गते (10th Apr. 2023) मा हुनेछ ।
अन्तरवार्ता पोखरा - ९ (लेखनाथ मार्ग, Hotel Midtown Pokhara Pvt. Ltd, Prithivi Chowk) मा मितिः २०७९ चैत २८ गते (11th Apr. 2023) मा हुनेछ ।
अन्तरवार्ता रुपन्देही, बुट्वल -(Diyalo Foodland, Milanchowk-8 ) मा मितिः २०७९ चैत ३० गते (13th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा.लि.**
श्रम इजाजत नं. ७८३/०६५/०६६
टोखा न.पा.११, महादेवटार, सामाखुसी, काठमाडौं
फोन नं.: ०१-४९८८७५४, ४९८८७५५ I Email: info@pukaragency@gmail.com
Pokhara: 061-553158, 9806544044 | Butwal: 071-531534, 9857077872
Birtamod: 023-534105, 9806091708 | Damak: 023-586066, 9814970040 | Itahari: 9805356540



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED ENTERPRISES CO. L.L.C.

पूर्व स्वीकृति मिति २०७९/१०/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१४ LT. No. : 280017 चलानी नं. ६०१९५४५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 20 | 10 | 1400 | ४९,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २२ गते (5th April. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम इजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIEW & SONS AGRO TRADING SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/१२/१३ LT. No. 283452 चलानी नं. ६०१९८९३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २२ गते (5th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.** श्रम इजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PINK MIRROR LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति २०७९/१२/१४ LT. No. 283530 चलानी नं. ६०१९८९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 2 | 170 | ७३,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 2 | 170 | ७३,०७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २२ गते (5th April. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य, लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : CEDAR CLINIC COMPANY

पुर्व स्वीकृति मिति २०७९/१२/१४ LT. No. 283525 चलानी नं. ६०१९१०९९

